नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७८/७९
चलानी नम्बर:-

मिति:- २०७८/११/२३

## जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट जारी सूचना

कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्)बाट भएका निर्णयहरू, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिस, कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८, संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ समेतले दिएको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीबाट विभिन्न मितिमा आदेश जारी गरिएकोमा हाल कोभिड-१९ संक्रमण घट्दै गएको हुँदा नियमित सामाजिक, सांस्कृतिक, राजनीतिक, व्यावसायिक, औद्योगिक लगायतका गतिविधि सञ्चालन गर्दा जनस्वास्थ्यका मापदण्डहरू निरन्तर अवलम्बन गर्ने, गराउने गरी यस अघि जारी भएका आदेशहरूमा भएका प्रतिबन्धात्मक व्यवस्थाहरू मिति २०७८-११-२३ गतेदेखि नै लागू हुने गरी पूर्ण रूपमा हटाइएको व्यहोरा जानकारी गराइन्छ । साथै जिल्लाभित्र कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारलाई प्रभावकारी बनाउने कार्यमा निरन्तर समन्वय, सहकार्य तथा सहयोग पुर्याउनुहुने सम्पूर्ण सरोकारवालाहरू एवं जिल्लावासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

(भरत मणी पाण्डे)
प्रमुख जिल्ला अधिकारी